# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## बडीमालिका नगरपालिका
## बाजुरा ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या:२०७६/७७
च.नं४२३

मिति: २०७७/३/२६

श्री नगरप्रमुखज्यू,

बडिमालिका नगर कार्यपालिकाको,कार्यालय,

बाजुरा ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२६

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६/७७
च.नं :४३२

मिति : २०७७।३।२६

श्री नगरप्रमुखज्यू,
बडिमालिका नगरपालिका, बाजुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बडिमालिका नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ९५ लाख २१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु३ लाख ६७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३३ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. ४ लाख ७२ हजार र पेश्की बाँकी रु. ५३ लाख २८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १५ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२६
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# बडिमालिका नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत ९ वडा रहेको, ४८ सभा सदस्य, २७६ बर्ग कि.मी. क्षेत्रफल, १७२२९ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ६९ र ७२ वमोजिम बडिमालिका नगरपालिकाले प्राप्त गरेको आय,व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.सं. | आय तर्फ | | | क्र.सं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | यस आवको रु. | गत आवको रु. | | विवरण | यस आवको रु. | गत आवको रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालू खर्च** | ६०३४६९९१.८१ | १५९४२०६९१.७१ |
| | नगद | | | २ | **पूजिगत खर्च** | १३०१५९६२४.६२ | १०४०९४२०७.७२ |
| | बैंक | ४९४६२९१५.४५ | ११७४०२७४.६५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | ऋण भुक्तानी | | |
| | आन्तरिक राजस्व | ६२६०३४६.४ | ६२०५४८.०० | | ब्याज भुक्तानी | | |
| | राजस्व बाँडफाँड | ४९३५५९२६.२९ | | ४ | **सशर्त अनुदान** | | |
| | अन्य आय | ६९४५००१.६७ | | १ | शिक्षा | ८७८४६९१५.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | २ | स्वास्थ्य | ३९४५५४०४.०० | |
| | वित्तीय समानीकरण अनुदान | ११२६२९०००.०० | १६४४६१००० | ३ | कृषि पशु | १३२७६८३.०० | |
| | सशर्त अनुदान | | ९९०२४१६४.०९ | ४ | लै स सा स | ७३७९९८.०० | |
| | समपूरक अनुदान | | | ५ | उर्जा | २१४८०००.०० | |
| | विशेष अनुदान | ०.०० | ० | ६ | सहकारी | ३३२२०००.०० | |
| ४ | **सशर्त अनुदान** | | | ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४७७३९७८.०० | |
| | शिक्षा | ८७८४६९१५.०० | | ६ | सामाजिक सुरक्षा | २२४२३२००.०० | |
| | स्वास्थ्य | ३९४५५४०४.०० | | ७ | बहुक्षेत्रिय पोषण | १३३८०००.०० | |
| | कृषि पशु | १३२७६८३.०० | | ८ | झोलुङ्गे पुल | ९०२९८७०.९२ | |
| | लै स सा स | ७३७९९८.०० | | ९ | सडक बोर्ड नेपाल | ३००००००.०० | |
| | उर्जा | २१४८०००.०० | | १० | स्थानीय पूर्वाधार विकास साझेदारी | १४९००००.०० | |
| | सहकारी | ३३२२०००.०० | | ११ | वालकेन्द्रित विपद् व्यवस्थापन | १०३८८५०.०० | |
| ५ | **वित्तीय व्यवस्था प्राप्ती** | | ४०४५२६.९५ | १२ | खानेपानी तथा सरसफाई | २४९९६९०.०० | |
| ६ | **विभिन्न कोष तर्फको आय** | ०.०० | | १३ | मातृस्वास्थ्य | १२९६१७८.०० | |
| ७ | **जनसहभागिता (नगद)** | | | | **धरौटी** | १०४६७४९१.१० | १५३५७७८.९५ |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | ६२०९०७०२.०० | २६६८८३६१.८ | | **कोष खर्च** | ३५१२७१.०० | ०.०० |
| ९ | **धरौटी आय** | ७५८८७१५.०३ | ११५७४७१८.३४ | | **मौज्दात** | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | नगद मौज्दात | | |
| ११ | **अन्य विविध आय** | १२४८०५७.३८ | | | बैंक मौज्दात | ४०८३६९७९.७३ | ४९४६२९१५.४५ |
| | | | | | **कोलेनिका फिर्ता** | ६५२८५३९.०८ | |
| | **जम्मा** | **४३०४१८६६४.२६** | **३१४५१३५९३.८३** | | **जम्मा** | **४३०४१८६६४.२६** | **३१४५१३५९३.८३** |

**राजस्वतर्फः**

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|
| | | | | नगद | वैंक |
| १ | १५१११ | ७५८६८७.०० | ७५८६८७.०० | | |

| दफा नं. | लेखापरीक्षण गर्दा देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । वार्षिक खरिद योजना, नागरिक वडापत्र, सेवाग्राही मैत्री संरचना, मलेप फारम नं. २, भ्रमण अभिलेख खाता, खरिद इकाई गठन जस्ता कार्यमा कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली स्विकृत गराई कार्यान्वयन गर्नु गराउनुपर्दछ । | |
| २. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सोको पूर्णपालना गर्नुपर्ने देखियो । | |
| ३. | **सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ मा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस २०७६ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>नगरपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ४. | **वित्तीय विवरणको यथार्थता :** वित्तीय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखा मानदण्ड अनुसार लेखानीति समेत उल्लेख गरी तयार गर्नुपर्दछ । २०७५/७६ को लागि ऐच्छिक भएपनि आर्थिक वर्ष २०७६।७७ देखि अनिवार्य रुपले सो मानदण्ड अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने भएकोले तद्नुसार सूचना प्राप्त हुने गरी श्रेस्ता राख्ने व्यवस्था गर्नुपर्ने देखियो । यसतर्फ स्थानीय तह गम्भीर हुनुपर्दछ । | |
| ५. | **वार्षिक खरिद योजना :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद इकाई गठन तथा खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्थालाई कार्यान्वयन गरी खरिद कार्य प्रतिस्पर्धी, गुणस्तरीय र मितव्ययी बनाउनुपर्दछ । | |
| ६. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीयत तह संचालन ऐन, २०७४ को दफा ६७ मा ७ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । सो बमोजिम आवश्यक व्यवस्था गरेको छैन । | |
| ७. | **वडा संचालन खर्च :** खर्चको विल भर्पाई पेश गरेपनि खर्च शिर्षक नियमित नगरी जुनसुकै प्रकारको विल भर्पाई पेश गरेपनि सोधभर्ना तथा खर्च लेख्ने गरी यस पालिकाले वडा नं. १ देखि ९ सम्मको मासिक रु. ३०००। चिया खर्च लेखेको छ । | |
| ८. | **सम्पत्तिको संरक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा<br>▪ पालिकाको क्षेत्रभित्रका सरकारी, सामुदायिक, सार्वजनिक सम्पत्ति,<br>▪ ढल, नाला, पुल, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक बाटो र सडकका दाँया बाँयाका रुख | |

| | | |
|---|---|---|
| | ▪ आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बगैचा, वसपार्क वा अन्य संरचना<br>▪ राष्ट्रिय निकुञ्ज वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र तथा राष्ट्रिय वन वाहेक आफ्नो क्षेत्राधिकार भित्रको वन<br>▪ संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार वाहेकको अन्य प्राकृतिक सम्पदा,<br>▪ प्रचलित कानून बमोजिक नेपाल सरकार वा प्रदेश सरकारले तोकिदिएको प्राकृतिक सम्पदा तथा क्षेत्रको अद्यावधिक अभिलेख राख्नुपर्नेमा सो अनुसार अद्यावधिक अभिलेख राखेको छैन । यसरी अद्यावधिक अभिलेख नहुदा ती साधनको परिचालन गर्न कठिनाई हुने हुनाले सो अभिलेख तयार गर्नुपर्दछ । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १०. | **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको नगरस्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ । | |
| ११. | **चौमासिक खर्च :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २.२० प्रतिशत, दोश्रो चौमासिकमा १७.८० प्रतिशत र तेश्रो चौमासिकमा ८० प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ५३.५६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विवरण अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १२. | **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) नगरपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ । | |
| १३. | **प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक मितव्ययी बनाउने उद्देश्य छ । पेश गरेको बोलपत्रको सहभागिता र लागतमा वसपार्क निर्माणका २ वटा ठेक्का र हाट बजार देखि डि.आर.मष्टसम्म आरसिसिको कार्यमा बोलपत्र दाखिला क्रमश: २५.१२ र १४ भएको छ र यसरी प्रतिस्पर्धा भएकोमा क्रमशः ४८.६५ प्रतिशत, ४८.४८ प्रतिशत र ४२.७९ प्रतिशत घटीमा संझौता भएको छ तर अन्य ८ वटामा २ देखि ४ वटा सम्मको बोलपत्र परेकोमा लागतका हाराहारीमा नै संझौता भएकोले प्रतिस्पर्धालाई बढवा दिई मितव्ययी गराउनेतर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| १४. | **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धित सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको देहायनुसार ४ स्वीकृत रहेकोमा हाल जम्मा ३४ जना स्थायी, ६५ करार रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित | |

जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिघ्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो ।

| क्र.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका वडा समेत | ४७ | १० | ३१ | ० | ४१ |
| २ | कृषि भेटनेरी | १२ | २ | ८ | ० | १० |
| ३ | स्वास्थ्य | ३० | १६ | १२ | ० | २८ |
| ४ | कार्यालय सहयोगी | ९ | ६ | १४ | ० | २० |
| | **जम्मा** | **९८** | **३४** | **६५** | **०** | **९९** |

१५. **आन्तरिक आय :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ को अधिकारको सिमाभित्र रही कर, दस्तुर, शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । यसवर्ष रु.७५०८४०३।८२ आन्तरिक आय भएको छ । आन्तरिक आयमा देखिएका व्यहोरा देहायनुसार छन :

१) बाहुली खोला र बुढीगंगा नदिको किनारमा थुपारिएको वालुवा, ढुंगा र गिटी संकलन गरी आय आर्जन गर्न IEE जिल्ला समन्वय समितिबाट स्वीकृत गरी प्रति वर्ष रु. ५ लाख आम्दानी हुने अनुमान रहेको जानकारी प्राप्त भयो ।

२) आर्थिक ऐन, २०७५।७६ मा व्यवसाय कर, उद्योग व्यवसाय कर, निर्माण व्यवसाय कर, घर नक्सा पास, विज्ञापन कर, सेवा उद्योग, सम्पत्ति कर, घर वहाल कर समेटबाट आन्तरिक आम्दानी गर्न नसकेको देखियो । अधिकांश आय गर्ने गरी आर्थिक ऐन, २०७५ मा दररेट तोकेकोमा सो अनुसार आम्दानी गर्न सकेको देखिएन । यसतर्फ पालिका गम्भीर हुनुपर्ने देखियो ।

१६. **असाहय नागरिक सहायता कोष :** असाहय नागरिक सहायता कोषमा रु. ३ लाख विनियोजन गरेको र पालिकाको मिति ०७५।८।१४ मा वसेको कार्यपालिकाको वैठकको निर्णय नं. ७ अनुसार रु. ३ हजार देखि ५ हजार सम्म दिने निर्णय भएको देखियो ।

१७. **मध्यकालीन खर्च संरचनाः-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१८. **नक्सा पास :**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाँउपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । तर यस नगरपालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेको छैन । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन । भवन संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद सामाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ ।

१९. **न्यायिक समिति :** न्यायिक समितिले स्थानीय सरकार संचालन, २०७४ को दफा ४७ अनुसारको क्षेत्राधिकार भित्रका मुद्दाहरुको सम्वन्ध न्याय निरुपण गर्ने अधिकार उपप्रमुखको संयोजकत्वमा न्यायिक समितिको रहेको छ । यसवर्ष १२ वटा परेको मध्ये ११ वटा फछ्र्यौट भई १ वटा प्रक्रियामा रहेको छ ।

२०. **अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले आफ्नो दरवन्दीमा कार्यरत कर्मचारीले खाइपाई आएको मासिक तलवबाट दश प्रतिशत रकम कट्टा गरी सो वरावरको रकम थप गरी जम्मा गरी योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सवै सुविधा सो कोषबाट उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । साथै, साविक जिल्ला विकास समितिबाट प्राप्त हुने कल्याण कोषको रकम समेत यसै कोषमा जम्मा गरी उक्त समितिबाट समायोजन भई आएका कर्मचारीहरुलाई समेत उपदान वा निवृत्तिभरण लगायतका सुविधा उपलब्ध गराउने तर्फ विशेष ध्यान दिनुपर्दछ ।

२१. **ठेक्का रद्ध :** ठेक्का संझौता भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य संचालन हुनुपर्दछ । मार्तडीमा रहेको कभर्ड हल निर्माण गर्न ठेक्का नं (BMO/work/2075/76)बाट बोलपत्रको माध्यमबाट

| | | |
|---|---|---|
| | २०७६।३।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी मूअकर वाहेक रु. ३५२५२२५। डि.वि.कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग मिति ०७५।१२।१५ मा संझौता भएकोमा खेलकुद विकास समिति कै वजेटबाट हुने कार्य सम्पन्न गरी सकेपश्चात मात्र यस ठेकेदारबाट कार्य हुने भएकोमा खेलकुद विकास समितिले ठेकेदारले पटक पटक साइट उपलब्ध गराउन अनुरोध गरेकोमा साइट उपलब्ध नभएकोले ठेकेदारले काम गर्न नसक्ने निवेदन दिएको सामाजिक संजालमा कभर्ड हलको विगतमा जिल्ला विकास समितिबाट निर्माण भएकोमा डिजाइन विपरित कार्य गरेको समेत भुक्तानी भएकोले फाउण्डेशनको कार्य विवादस्पद भएकोले उक्त ठेक्का रद्ध गरी मोविलाइजेशन वापत ठेकेदारलाई उपलब्ध गराएको रु. ६९०००। र व्याज वापत रु. २२०००। समेत रु. ७१२०००। मा २०७६।५।८ राजश्व दाखिला गरेको छ । समयमा नै कार्य सम्पन्न गर्ने गरी र एकै ठेकेदारबाट कार्य सम्पन्न हुने गरी ठेक्का व्यवस्थापन गर्नु पर्ने देखिएको छ । यसतर्फ पालिका सचेत हुनुपर्ने देखियो । | |
| २२. | **भेरियसन :** सकभर भेरियसन नगर्ने गरी ठेक्का वन्दोवस्त गर्नुपर्दछ । आर्थिक वर्ष २०७४।७५ मा नै ठेक्का वन्दोवस्त भएको साविक जिल्ला वन कार्यालय देखि जिल्ला अस्पताल गेटसम्म कालोपत्रे गर्ने लागत अनुमान मुअकर वाहेक रु. १ करोड ३६ लाख ४६ हजार ९ सय ५५ भएकोमा ४३.२७ घटीमा कवोल गरी भ्यात वाहेक रु. ५७४१३४३।८० मा श्री किरातेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनी प्रा.लि. सुकेधारा काडमाण्डौसँग मिति २०७५।९।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७५।२।१३ मा संझौता भएको देखियो । उक्त कार्य सम्पन्न गर्ने क्रममा प्रयोग हुने रोलर र भाइव्रेटरको प्रयोगले सडक तलमाथि रहेका पुराना कच्ची घर भत्कने हुँदा आरसिसि ढलान गर्न स्थानीयको निवेदन परेको र पूर्वाधार विकास कार्यालय, साफेवगरसँग राय माग गर्दा उक्त कार्यालयको च.न. ३ मिति ०७६।४।६ को पत्रबाट उक्त स्थानको मातोको वनोट तथा अवस्थालाई विश्लेषण गर्दा कालोपत्रेको सट्टा आरसिसि ढलान गर्दा उपयुक्त हुने राय प्राप्त भएको समेत देखिदा आरसिसिको आइटमको दररेट अनुसार नै कार्य गर्न ठेकेदारलेसमेत सहमति दिएकोले सो अनुसार भेरियसन गर्दा १९.९० प्रतिशत थप भई रु. १०४८८०९२।५१ (मुअकर समेत) हुने भएकोले सो सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) को खण्ड (च) बमोजिम सर्वोच्च कार्यकारी निकाय नगर कार्यपालिकाले स्वीकृत गरेको देखियो । यसर्थ लागत अनुमान तयार गर्नु पूर्व नै माटोको परीक्षण र भौगोलिक अवस्थाको पूर्व अनुमान गरी लागत अनुमान तयार गर्नु उचित हुने भएकोले त्यसतर्फ पालिका सचेत हुनुपर्ने देखियो । | |
| २३. | **फोहोर मैला व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ खण्ड (त्र) १५ मा स्थानीय स्तरमा सरसफाई तथा फोहोर मैला व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा वडा नं. ८ र ९ को बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न ट्रिपर खरिद गरी बाहुली खोलाको किनारामा नदिमा फोहोर नमिसिने गरी अस्थाई लैण्ड फिल्डको व्यवस्था गरेको छ । साथै, ०७६।४।१ देखि प्रति घर रु.१०० र होटल तथा अन्यबाट निष्काशन हुने फोहोर समेतको परिणाम अनुसार रु. १५०। प्रति महिनाको दरले शुल्क समेत उठाउने गरी आर्थिक ऐन, २०७६ मा व्यवस्था गरेको छ । यसका अतिरिक्त डिभिजन वन कार्यालय र महालक्ष्मी विकास बैंकको साझेदारीमा वजारमा फोहोर डष्टविन समेत राखेको जानकारी प्राप्त हुनुका साथै निरीक्षण गर्दा ती डष्टविन वजारमा रहेको देखियो । तर, ती डष्टविनको समुचित उपयोग हुन सकेको देखिएन । तसर्थ जनचेतना अभिवृद्धि गरी फोहोर मैला व्यवस्थापनमा विशेष ध्यान दिनु पर्दछ । यस सम्वन्धमा छलफल गर्दा नगरपालिकाले सम्पूर्ण व्यापरी र भद्रभलादमीको समेत उपस्थिमा २०७६।३।२३ गते घर अगाडी कसैले पनि फोहोर गर्न नपाउने र फोहोर भएमा रु. ५००। जरिवाना लगाउने ०७६।४।१ देखि कालो प्लाष्टिक विक्री वितरण र प्रयोग गर्न नपाइने समेत निर्णय गरी फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयास गरेको जानकारी प्राप्त भएको छ । | |
| २४. | **विपद व्यवस्थापन कोष :** यो वर्ष विपद व्यवस्थापन कोषमा गतविगतको मौज्दात रु. ६२९६०८। रहेकोमा यस वर्ष रु. ५२००००। वजेट विनियोजन गरेकोमा बढीमा रु. ५०००। प्रति व्यक्ति दिने व्यवस्था गरेकोमा रु. ८५१२७१। खर्च भई रु. २७८३३७। बाँकी रहेको देखिएको छ । साथै, मौज्दातमा मुलत त्रिपाल, डोरी, घइटी लगायतका सामान रहेको छ । ती सामानहरुको अवस्थाको खुलेको प्रतिवेदन समेत प्राप्त भएका छ । | |
| २५. | **बजेट कार्यान्वयन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक प्रविधिमा आधारित भएर जनसहभागिता जुटाउनुपर्ने व्यवस्था छ । विकासमा जनसहभागिता वृद्धि गर्न लाभग्राही सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्दा लागत सहभागिता समेत जुटाउनु पर्नेमा पूर्वाधार विकासको लागि वडाहरुमा छुट्याएको योजना कार्यान्वयन गर्न लाभग्राही समुदाय सम्झौता गर्न देहायका योजनाहरुमा नआएको देखियो । यसबाट बजेट खर्च नहुने र आवधिक लक्ष्य | |

प्रगति नहुने हुँदा कार्यालयले यस तर्फ ध्यान दिनुपर्दछ ।

| क.सं | योजना विवरण | भुक्तानी रु. |
|---|---|---|
| १ | उर्जाको उत्पादनमुलक परिपुरक | ५००००.०० |
| २ | बनाली खानेपानी योजना | ५००००.०० |
| ३ | बायोग्यास जडान | ८४०००.०० |
| ४ | सुधारिएको चुलो जडान | १०००००.०० |
| ५ | गुम्वा मुर्ती निर्माण | ४०००००.०० |
| ६ | वडा कार्यालय भवन निर्माण | ५००००००.० |
| | **जम्मा** | **५६८४०००.००** |

२६. **निशुल्क औषधि लोगो :** औषधि खरिद गरी स्वास्थ्य संस्थालाई वितरण गरी ती संस्थामा आएका सेवाग्राहीहरुलाई औषधि निशुल्क वितरण गर्ने व्यवस्था छ । यस अनुसार यो वर्ष ढुवानी सहित रु. २००००००। को औषधि खरिद गरेकोमा सोको निशुल्क औषधिको लोगो राख्नुपर्नेमा सो राखेको देखिएन । यस्तो लोगा नराखेमा ती औषधिहरुको सहि सदुपयोग नहुन सक्छ । यसतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ । साथै, खरिद गरेको औषधिको वितरणको स्पष्ट विवरण नराखेकोले वितरण भएको औषधि एकिन हुन सकेन । यसतर्फ पनि नगरपालिका सचेत हुनुपर्दछ ।

२७. **सडक सीमा क्षेत्र तोक्न :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार क्षेत्र (Right of way)को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार राइट अफ वे तोकेको छैन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२८. **विल भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा देहायका आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिबाट डोजरको स्वामित्व भएको कम्पनीबाट मुअकर सहितको कर विजक जारी गरेको प्रमाण संलग्न गर्नुपर्नेमा सो नगरी संझौताको आधारमा भाडा मानी १० प्रतिशत बहाल कर कट्टा गरेको देखियो । साथै, आगामी भुक्तानी दिँदा नियमानुसार डोजरको स्वामित्व भएको कम्पनीबाट कर विजक लिने व्यवस्था हुनुपर्दछ । यस सम्वन्धी केहि उदाहरण निम्नानुसार छन ।

| भौ.न./मिति | विवरण | रकम रु. |
|---|---|---|
| २४३-०७६/३/८ | बुढिगंगा जडाङ्ग बुढा कोर्ध कृषि सडक | २३२७५००.०० |
| २४५-०७६/३/९ | मेलकाध देखि रजाली अम्लिस सडक | १९०००००.०० |
| २३५-०७६/३/४ | बुढिगंगा तिपाडा सल्लेनी पिनालेख सडक | ३३६९८६७.०० |
| २३८-०७६/३/५ | पाटा रोड | १२४१९०७.०० |
| २२७-०७६/२/३१ | चुथी सन्काना पोखरी निर्माण | ८१८४०६.०० |
| २०१-०७६/२/३ | जिल्ली माउलेख सिराडी कृषि सडक | ८३६३८९.०० |
| २९८-०७६/३/२९ | रिला कषि सडक निर्माण उ.स. | १०६९२५०.०० |
| ३०७-०७६/३/३१ | मार्तडी बुढाकोर्ध सडक निर्माण | २७४४१८७.०० |
| ३०८-०७६/३/३१ | मार्तडी देखि त्रिवेणी टुरिजम रोड | ४१३४४५.०० |
| १०६-०७५/११/१२ | कोप्ची सिंचाई कुलो निर्माण | २१९२८८.०० |
| ११३-०७५/११/१३ | काँधका डाँडा देखि रष्टिक स्टेर | १९००००.०० |
| | जम्मा | १५१३०२३९.०० |

२९. **बढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले देहाय बमोजिमको भुक्तानीमा विल भरापाई भन्दा बढि भुक्तानी गरेको देखियो । यसरी बढि भएको रकम असुल हुनुपर्ने रु. **५०२८६.११**

| क.सं | भौ.न./मिति | विवरण | बढि रकम रु. |
|---|---|---|---|
| १. | १९७-०७६/२/२ | थलाचौर भगवती मन्दिर निर्माणमा ब्लक स्टोन भुक्तानीमा जिल्ला दररेट रु. ३८००। दिनुपर्नेमा रु.६६६०। भएकोले १.७२ क्यु. मि. बढि हुने रु. | ४९२०.०० |

| | | | |
|---|---|---|---|
| २. | २३५-०७६/३/४ | खाडा पाथर गाडे खानेपानीको भुक्तानी पाइपको लम्वाई ११२० मिटर हुँदा पाइपको ट्रेन्च लम्वाई ६९८ मिटर भएकोले वढि पाइप भुक्तानी ४२२ मिटरको औसत पाइपको दर रु. ६० का दरले गणना गर्दा हुने रु. २५३२०। असुल हुनुपर्ने | २५३२०.०० |
| ३. | ७९-०७५/११/५ | वसपार्क देखि आर्मी व्यारेक  मर्मत बढि भुक्तानी | ७५६३.२५ |
| ४. | ८८-०७५/११/६ | बाउली ढम्कने सडक मर्मत वापत सिंह निर्माण सेवालाइ सम्झौता भन्दा बढि भुक्तानी | १६८२.८६ |
| ५. | ११६-०७५/११/३० | क्रियटिभ मेडिया प्रा.लि छुट रकम बढि भुक्तानी | १०८००.०० |
| | | **जम्मा** | **५०२८६.११** |

३०. **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ ।

३१. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेशले कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यो गाँउपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु.७७५३२००। खर्च लेखेको देखिया

३२. **लगानी :** नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ५० को (२) मा एक वर्षमा शेयर लाभांश रकम शेयर पूँजीको १५ प्रतिशत भन्दा बढी नहुने व्यवस्था गरेको यसरी शेयर सदस्यहरुलाई मात्र लाभ हुने र नाफा कमाउने संस्थामा लगानी गर्दा प्रतिफल समेत प्राप्त हुने गरी लगानी सार्वजनिक कोषको परिचालन गर्नु पर्दछ । यस पालिकाले सहमारी संस्थाहरुको घर, निर्माण संस्थागत विकास लगायतको कार्यमा देहायका सहकारी संस्थामा अनुदान उपलब्ध गराएको देखिएकोले उक्त रकम शेयरमा परिणत गर्नुपर्ने देखिएको रु. **३२०५००१.००**

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| १ | ३११-०७६/३/३१ | मष्टेश्वरी महिला कृषि सहकारी संस्था लि. | १८७७०४८.०० |
| २ | ३१३-०७६/३/३१ | नव प्रगति कृषि सहकारी संस्था लि. | ७९२९५३.०० |
| ३ | ४३०-०७५/१२/१४ | ग्रामिण दलित कृषि सहकारी संस्था. लि. | २०००००.०० |
| ४ | ७८८-०७६/३/३० | लक्ष्मी बचत तथा ऋण सहकारी संस्था | ११५०००.०० |
| ५ | ३२६-२०७५/९/२७ | बुढी नन्दा कृषि सहकारी | २२००००.०० |
| | | **जम्मा** | **३२०५००१.००** |

३३. **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आवमा उपभोक्ता समितिबाट लागत अनुमान ५ लाख भन्दा बढि भएका रु. १२९४९४७०७। का७९ योजनाहरु हस्तान्तरण गरेको देखिएन । सम्पन्न योजना हस्तान्तरण गर्ने, हस्तान्तरण पश्चात मर्मत सम्भार भए नभएको अनुगमन गर्ने, विमा गर्ने, मर्मत सम्भारको कार्य योजना तथा सेवा शुल्क लिने संरचना र सोको विधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनुपर्दछ ।

३४. **लागत अनुमान बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ५ (क) मा सार्वजनिक निकायले लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका खरिद कार्यमा लागत अनुमान बनाई स्विकृत गरेको देखिएन । लागत अनुमान वेगर खरिद गर्दा खरिद प्रक्रिया छनौट, स्पेशिफिकेशन, गुणस्तर, खर्च मितव्ययीता हुने अवस्था नरहने हुदा यसमा गम्भिर ध्यान दिनुपर्ने देखिन्छ । नियम विपरित भएको कार्यको औचित्य पुष्टि गर्नुपर्ने देखिएका रु. **२०२१११७.००**

| भौ.न./मिति | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २०-०७५/६/२४ | फर्निचर खरिद सौगात फर्निचर | ४९९४६०.०० |
| १७-०७५/६/२३ | पेश्की जेपी कन्स्ट्रक्सन | २५००००.०० |
| २४-०७५/९/१४ | विष्ट सूचना तथा प्रविधि केन्द्र | ४८५१७७.०० |
| २६-०७५/९/४ | पावरम्याक्स टेक्नोलोजी सोलुशन प्रा.लि | ५३२२३०.०० |
| ८७-०७५/११/५ | विष्ट सूचना केन्द्र | २५४२५०.०० |
| | **जम्मा** | २०२१११७.०० |

३५. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुलाई भुक्तानी गर्दा कर कट्टा नगरेको तथा केहिमा आंशिक मात्र गरेको देखियो । नियमानुसार कर कट्टा गरी दाखिला हुनुपर्ने रु.

**३१२६९.५०**

| भौ.न. ⁄मिति | विवरण | रकम | कर रकम |
|---|---|---|---|
| ११५-०७५/११/३० | आर एल ग्रिल उद्योग एण्ड सप्लायर्स | ५९६००.०० | ८०४६.०० |
| ३१२-०७५/११/५ | बैठक भत्ता | ५३०४० | ९३६०.०० |
| | **जम्मा** | | **३१२६९.५०** |

३६. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न ४२ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई लागत अनुमानमा मूल्य अभिवृद्धि कर वापत रु. २१०४३८८। भूक्तानी गरेकोले नियम सम्मत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।

३७. **जग्गा खरिद :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमका कार्य जिम्मेवारी पूरा गर्ने सन्दर्भमा गाउपालिका वा नगरपालिकाले कुनै परियोजना सञ्चालन गर्न सरकारी वा कुनै निजी जग्गा प्राप्ती गर्नुपर्ने हुनसक्छ । यसरी जग्गा प्राप्ती गर्नुपर्ने अवस्थामा अर्को व्यवस्था नभए सम्मका लागि जग्गा प्राप्ती ऐन, २०३४ ले तोकेको प्रकृया वा सरकारी जग्गा दर्ता वा लिजमा उपलव्ध गराउने सम्वन्धि कार्यनीति, २०७१ ले तोकेको प्रकृया पुरा गरी स्थानीय तहको लागि जग्गा प्राप्त गर्न सकिने कानूनी व्यवस्था रहेको छ । पालिकाले कुनै परियोजना कार्यान्वयनका लागि आवश्यक जग्गा प्राप्ती गर्दा स्थानीय तह ,साविकको स्थानीय निकाय वा सरकारी निकायको नाममा रहेको जग्गा वा अन्य कुनै जग्गा निशुल्क रुपमा लिने प्रकृयाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जग्गा प्राप्ती प्रकृया अगाडी बढाउन प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकीदिन मन्त्रालयमा अनुरोध पठाउदा परियोजनाका लागि आवश्यक जग्गा निशुल्क रुपमा प्राप्तीको प्रयास भएको र सो बमोजिम आवश्यक जग्गा उपलव्ध हुन नसकेको व्यहोरा खुल्ने सहितको कागजात संलग्न गरि पठाउन मिति २०७५।२।१३ मा स्थानीय तहका लागि आवश्यक जग्गा प्राप्ती गर्ने प्रकृया सम्वन्धि परिपत्र गरेकोमा सो सम्वन्धि कारवाही नगरि नगरपालिकाले ६३ जनाबाट रु. ६११८३८८।४१ मा ४९२.४७ वर्ग कि.मी. खरिद गरेको देखिएको अनियमित रु.

पालिकाले पत्रकार माहासंघलाई समेत जग्गा खरिद अनुदान वापत रु.१,५०,०००।०० भुक्तानी गरेको अनियमित देखिएको रु. १,५०,०००।

बडिमालिका वार्डनं. ८ को वडा कार्यालयको घरभाडा प्रयोजनका लागि घर भाडामा लिई रु १३५००। का दरले १६२०००। खर्च लेखेकोमा माथी उल्लेख भएबमोजिम सार्वजनिक घर जग्गा उपयोग गर्ने वा अधिग्रहण गरि प्रयोग गरेको देखिएन ।

घरभाडा वापतको रु ८९४०१९। खर्च लेखेकोमा माथी उल्लेख भए बमोजिम सार्वजनिक घर जग्गा उपयोग गर्ने वा अधिग्रहण गर्न प्रयास गरेको देखिएन ।

मुआव्जा वापत यस आ.व.मा रु ६१,१८,३८८।४१ वितरण गरि खर्च लेखेकोमा सार्वजनिक घर जग्गा उपयोग गर्ने वा अधिग्रहन गरि निशुल्क प्राप्त गर्ने पर्याप्त प्रयास गरेको देखिएन ।

३८. **मूआब्जा :**मुआव्जा वापत धरौटी खातामा ७६,१५,६७६।०० मौज्दात रहेकोमा यस आ.व.मा रु ६१,१८,३८८।४१ वितरण गरि खर्च लेखेको रु १४,९७,२८७।५९ बाँकी रहेकोमा मुआव्जा वितरण गर्दा मुआव्जा निर्धारण समितिले सिफारिस गरेको आधारमा मात्र रकम भुक्तानी गर्नुपर्नेमा जग्गाधनी धनी थापा कि.नं. २०४ को रु ३९००६।०० मुआव्जा निर्धारण समितिले सिफारिस गरेको भन्दा बढी रु १७९८३९।१० वितरण गरेको, रुपा शाहिको रु. १४०२६५। र मन बहादुर रोकायाको रु. ६५९२५ समेत रु. ३४७०२३।३२ मुआव्जा निर्धारण समितिले सिफारिस वेगर भुक्तानी गरेकोले नियमित गर्नुपर्ने रु.

**३४७०२३.३२**

३९. **आर्थिक सहायता :-** आर्थिक सहायता दिने कार्य विधि तयार गर्नुपर्नेमा नेपाल सरकारवाट निसर्त अनुदान प्राप्त रकम मध्ये पालिकाले पूँजीगत कार्यमा खर्च गर्न विनियोजन गरेका रकम मध्ये तपसिल

| | | |
|---|---|---|
| | वमोजिमका संघ संस्थाहरुलाई खर्चको विल भरपाई राखी पूंजीगत शिर्षकवाट रु. १८४४८८।०० आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ। खर्च रकमबाट प्राप्त हुने प्रतिफल समेतको विचार नगरी यस्ता कार्यमा खर्च गर्नु नियम सम्मत देखिदैन । आर्थिक सहायताका नाममा हुने यस्ता खर्च नियन्त्रण गरिनु पर्दछ । | |
| ४०. | **कर दाखिला :** नगरपालिकाले विभिन्न निर्माण कार्यको लागि आवश्यक निर्माण सामाग्री ढुवानी गरेवापत ढुवानीकर्तालाई ढुवानी खर्च भुक्तानी गर्दा कट्टा गरेको अग्रिम कर रु. २८५८५२। स्थानीय संचित कोषमा जम्मा गरेको देखियो । उक्त रकम वहाल कर नभई ढुवानी सेवा प्राप्त गरेवापत भुक्तानी गर्दा कट्टा गरेको अग्रिम आयकर भएकोले उक्त रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | **२८५८५२.००** |
| ४१. | **कर्मचारी बैठक भत्ता:** अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका बमोजिम कार्यालय समय भित्र बसेको र एउटै कार्यालयका पदाधिकारी सम्मिलित बैठकमा बैठक भत्ता दिन नमिल्ने स्पष्ट व्यवस्था गरेको छ । पालिकाले यस वर्ष बैठक भत्तामा रु ६,५०,०००।०० खर्च लेखेकोमा माथी उल्लेखित व्यवस्था अधिकांशमा पालना गरेको देखिएन । साथै सिमित तथा थोरै पदाधिकारी राखी गर्न सकिने बैठकमा समेत अत्यधिक आमन्त्रित सदस्य राखि बढी सदस्यलाई भत्ता भुक्तानी गर्ने प्रवृत्ती नियन्त्रण हुनु पर्दछ । | |
| ४२. | **अनुगमन खर्च:** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(३) मा सार्वजनिक यातायात चल्ने स्थानमा एकैदिन गई फर्कन सक्ने अवस्थामा दैनिक भत्ताको २५ प्रतिशत खाजाखर्च र यातायात खर्च पाउने व्यवस्था छ । नियम (८) मा सदरमुकाम क्षेत्र वा रात बिताउनु पर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ । यस पालिका अन्तर्गतका मुकाम बाजुरा अन्तर्गतका पालिकाका वडा सम्मको अनुगमन लगायत अन्य कार्यक्रमको १ दिनको कार्यलाई समेत २ देखि ६ दिन सम्मको देखाई अनुगमन मूल्यांकन खर्च रु २०,०१,७०३।०० रु भ्रमण खर्च रु ५,६०,०००।०० र विशिष्ट व्यक्ति तथा प्रतिनीधी मण्डलको भ्रमण खर्च रु १०००००।०० र अन्य भ्रमण खर्च रु २३६८३५।०० समेत जम्मा रु २८,९८,५२८।०० खर्च लेखेको छ । यसरी नियममा व्यवस्था भए भन्दा फरक पारी भ्रमण तथा अनुगमन मूल्यांकन खर्च भुक्तानी गर्ने गरेको पाइएकोले आदेश दिनेलाई समेत जिम्मेवार बनाई खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| ४३. | **अतिरिक्त भत्ता: १७८-०७६।२।३** अस्पताल तर्फको २०७५ श्रावन देखि २०७५ चैत्र सम्मको अत्तिरिक्त समय कामकाज गरेका भत्ता भुक्तानी गर्दा वार्षिक आयमा समावेश गरि कर गणना गर्नुपर्नेमा सरदर १५ प्रतिशतका दरले कर कट्टा गरि भुक्तानी गरेकोले निम्न कर्मचारीको नपुग कर रु.१११८७७.००असूलगरि दाखिला गर्नु नपर्ने भए प्रमाण पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु. | **९२९५९.००** |
| ४४. | **मोवाइल खरिद:** १६४-०७५।८।९ सामसुङ्ग मोवाइल थान ४ खरिद वापत उग्रतारा टेक्निकल गुड्स धनगढीलाई रु १२४८६५। खर्च लेखेकोमा देखिएका व्यहोरा निम्न छन ।<br>क) मालसमान खरिद गर्नु पुर्व आवश्यक्ता र प्रयोजन गरिने मालसमानको माग फारम भरि कार्यालय प्रमुखबाट स्विकृत गराई खर्च लेख्नुपर्नेमा संलग्न मागफारम कार्यालय प्रमुखबाट स्विकृत गराएको पाइएन । साथै संलग्न रहेको दाखिला फारम र गोश्वरा भौचर समेत कार्यालय प्रमुख बाट दस्तखत गरी प्रमाणित नगरेकोले कस्को स्विकृतीमा खरिद भएको हो यकिन हुनुपर्दछ ।<br>क) खरिद गरिएका मोवाईल जिन्सी दाखिला गर्दा स्पेसिफिकेशन खुलाई पहिचान हुनेगरी दाखिला गर्नुपर्ने सो खुलाई दाखिला नगरेकोले कुन ब्राण्डको मोवाईल कस्ले प्रयोग गरेको सम्वन्धमा अनियमित देखिएको रु.<br>ख) यस कार्यालयबाट सरुवा भई अन्यत्र गएका साविकका कार्यालय प्रमुख हिरालाल भण्डारी र लेखा प्रमुख परशुराम गिरीले प्रयोग गरेका जिन्सी खातामा उल्लेखित मोवाईल फिर्तागरि बरवुझारथ गरि मात्र रमाना दिनुपर्नेमा मोवाईल फिर्तागरेको नदेखिएकोले सो खरिद गरिएका ब्राण्डका मोवाईल फिर्ता हुनुपर्ने अन्यथा खरिद गरिएको २ थानको मूल्य रु ५६०४८। दाखिला हुनुपर्ने रु. | **१२४८६५.००**<br>**५६०४८.००** |

४५. **प्रधानमन्त्री रोजगार कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत वार्षिक बजेट रु. ५२,५०,०००। विनियोजन भएकोमा रु. ४७,७३,९७८। खर्च गरि रु. ४७६०२२। बाँकी रहेकोमादेखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

क) यस कार्यक्रममा रु ४७,७३,९७८। खर्च लेखेकोमा नगरपालिका अन्तर्गत २३२८ जना बेरोजगार रहेको उल्लेख गरेकोमा यस वर्ष ३२१ जनालाई १५ दिनको रु ३१६१९०६। भुक्तानी गरेको र निर्माण सामाग्री र हातेऔजार खरिद तथा अन्य खर्च रु १०७२८१८। अन्य प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमको ६६।२३ प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको १३.७९ प्रतिशतले मात्र लाभ पाएको देखियो ।

ख) रकम भुक्तनी गर्दा रोजगारदाताको खातामा रकम जम्मा गरी खर्च लेख्नुपर्नेमा नागरिकताको प्रमाण समेत संलग्न नराखी ३२१ जनालाई १५ दिनको भरपाई गरि रु ३१६१९०६। खर्च लेखेकोमा वास्तविक बेरोजगारले रकम पाएको सम्वन्धमा यकिन गर्नुपर्ने रु ३१६१९०६। देखिएको छ ।

४६. **पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिमको पेश्की फछ्र्यौट भएको छैन । अत: नियमानुसार पेश्की दिई समयमा फछ्र्यौट गर्नुपर्दछ । **५३२७९८२.००**

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | डि.वि. कन्ष्ट्रक्सन | ३३३०००.०० | संघीय सरकारद्धार हस्तान्तिरित पूँजिगत |
| २. | शुनन्दा मष्टेश्वरी निर्माण सेवा | १६९०००.०० | |
| ३. | घटला निर्माण सेवा | १६८८३२.०० | |
| ४. | जे.पि. कन्ष्ट्रक्सन एण्ड अडर सप्लायर्स | १६९०००.०० | |
| ५. | न्यू कैलाशपति निर्माण सेवा स्वास्थ्य केन्द्र भवन | १६८७५०.०० | |
| ६. | कैलाशेश्वरी मावि भवन निर्माण | १६०००००.०० | |
| ७. | वास कोअर्डिनेटर मोहनराज जैसी | १९४००.०० | |
| ८. | मष्टेश्वरी आवि शौचालय | १९४०००.०० | |
| ९. | मष्टेश्वरी आवि चौराठा | १९९०००.०० | |
| १०. | मष्टेश्वरी आवि चौराठा | ३०७०००.०० | |
| ११. | वाल मन्दिर आवि, मार्तडी | १९४०००.०० | |
| १२. | वाल मन्दिर आवि, मार्तडी | ३५३२४९.०० | |
| १३. | वाल मन्दिर आवि, सामुदायिक सिकाई केन्द्र | ८३०००.०० | |
| १४. | बाल मन्दिर आवि, मार्तडी | ६९७५१.०० | |
| १५. | कैलाशेश्वरी मावि मना | ४६८०००.०० | |
| १६. | कैलाशेश्वरी मावि, मना | ९००००.०० | |
| १७. | कैलाशेश्वरी मावि, मना | ९२०००.०० | |
| १८. | ज्ञानोदय मावि, रजतोली | ९००००.०० | |
| १९. | ज्ञानोदय मावि, रजतोली | ४६८०००.०० | |
| २०. | ज्ञानोदय मावि, रजतोली | ९२०००.०० | |
| | जम्मा | ५३२७९८२.०० | |

**सम्परीक्षण तथा अनुगमन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था छ । लेखापरीक्षणबाट कायम भएका बेरुजू प्रमाण पेश गरी वा नियमित गरी वा गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुखको हुने व्यवस्था छ । पालिकाले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ मा समावेश भएको आर्थिक वर्ष २०७४/७५ को बेरुजू संपरीक्षणका लागि पेश गरेकोमा देहायका दफाहरु मनासिव देखि फछ्र्यौट भएको छ ।

| बेरुजुको दफा नं. | बेरुजुको संक्षिप्त व्यहोरा | फर्छौटको विवरण | फर्छौट रकम |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | १२ | बृहत मार्तडी खापानी बढी भुक्तानी भएको असुल हुनु पर्ने रु ९८४१६ | बृहत मार्तडी खानेपानी उ.स.ले रकम रा.वा.बैक मार्तडी बाजुरामा बढी रकम जम्मा गरेको प्रमाण पेश भएको । | ९४८१६.०० | |
| | १६ | पेश्की लिईएकोमा पेश्की फिर्ताको ब्याज गोरखबहादुर बोहराबाट रु १५००० र सवईन्जिनियरउमेश बडुवालबाट रु ११६६७ असुल हुनु पर्ने रु २६६६७ | दुबै जनाबाट व्याज बापतको रकम रा.वा.वैक मार्तडी बाजुरामा दाखिला गरेको बैक भौचर पेश भएको। | २६६६७.०० | |
| | २८ | बडीमालिका नगरपालिका अन्तर्गतरहेका विद्यालयहरुलाई पिसिएफ र दलित छात्रवृत्ती बापतको रकम भुक्तानीमा निकासा बढी भएको असुल हुनु पर्ने रु ६४९३५०। | बडीमालिका नगरपालिकाबाट सम्वन्धित विद्यालयहरुबाट बढी निकासा भएको रकम असुल गरी रा.वा.वैक बाजुरामा जम्मा गरेको भौचरको रु ६२५३५० र कालिका प्रा.वि.को १९२०० मा.वि.को भनि उल्लेख भएकोमा सो विद्यालय प्रा.वि.मात्र भएको तथा द्वारीका प्रा.वि.को ४८०० बाहेकको फछ्र्यौट भएको । | ६४४५५०.० | |
| | २६.१ | बिल भरपाई बेगर भुक्तानी भएको ग्लास टेवल, सेफ्टी ट्याङकी निर्माण र वृहत मार्तडी खानेपानी योजनाको भरपाई पेश गर्ने अन्यथा असुल गर्ने | सेफ्टी ट्याङ्की निर्माण बापत घटाल कन्ट्रक्सनलाई बढी भुक्तानी भएको ८२५४ असुल भएको, बृहत मार्तडी खानेपानी योजनाको सोही रकम दफा नं. १२ मा असुल भई सकेकोले, लाईफ स्टिल फर्निचरको प्रमाण पेश | १०३०७०.० | |
| | ३० | पारीश्रमिक कर कट्टी गरेको नदेखिएकोमा नपुग पारिश्रमिक कर दाखिला गर्नु पर्ने रु १२६०५० | आ.व. २०७४।७५ को नपुग पारिश्रमिक आयकर बापतको रकम सम्वन्धित कर्मचारीले बैक दाखिला गरेको भौचर पेश भएको | १२६०५०.० | |
| | २७ | भुक्तानीमा कर कट्टी गरेको नदेखिएकोमा सम्वन्धित व्यक्ति तथा फर्मबाट असुल गरी दाखिला गर्ने रु ४३४८८। | कार्यालयाबाट औषधी एग्रोभेट र उग्रतारा टेक्निकल गुड्स सप्लार्यसबाट असुल गरी दाखिला गरेको बैक भौचर पेश भएको | ५१८८.०० | |
| | २४ | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत खर्च लेखेको भरपाईमा ८००० को भरपाई पेश नदेखिएकोमा असुल दाखिला गर्ने रु ८०००। | कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई पेश नभएको ८००० को रा.बा.बैक बाजुरा शाखामा जम्मा गरेको भौचर पेश भएको | ८०००.०० | |
| | १ | आय व्यय विवरणमा देखाएको बैक मौज्दात ४९४६२९१५।४५ मा असार मसान्तमा बैक खातामा | कार्यालयबाट पेश भएको चेक जारी गरिएको तर असार मसान्तमा साँट्न बाँकी देखिएको रु ३५४७३६४१।४९ गरी खर्च खातामा बाँकी रहेको रु | २७९१३२१४.४८ | |

| | | | | |
|---|---|---|---|---|
| | देखाईएको बैक मौज्दात र स्रेस्तामा देखाईएको मौज्दातसँग नमिलेकोमा बैक हिसाव मिलान बिवरण तयार गरी स्रेस्ता र बैक हिसाव भिडान गरी एकिन गर्ने २७९१३२१४।४८ | ३,१०,१७,८४९।५८ संचितमा सारी खर्च खाता शुन्य पारिएको बैक सटेटमेन्ट, बैक हिसाव विवरण, साट्नबाँकी चेकको विवरण सहितका कागजात बमोजिम बैक मौज्दात ४९४६२९१५।४५ नै देखिएकोमा सभाबाट नियमित भएको। | | |
| १८ | कार्यालयबाट खानेपानीका जि.आई पाई र फिटिङ्स, टुल्सहरु खरिद गरी योजनालाई हस्तान्तरण गरेको नदेखिएको रु १००८४९९ | कार्यालयबाट खरिद गरिएका मौज्दात सामाग्रीहरु वृहत मार्तडी खानेपानी योजनालाई हस्तान्तरण गरेको फाराम पेश भएकोमा सम्परीक्षण गरियो । | १००८४९९.०० | |
| २0 | मार्तडी देखि चुथी सम्म को सडक मर्मत कार्य गरे बापत कार्य सम्पन्न प्रतिबेदन पेश नदेखिएको पेश गर्ने रु ४२२२७४ | कार्यालयबाट मार्तडी देखि चुथी सम्मको सडक मर्मतको कार्य सम्पन्न प्रतिबेदन पेश भएको | ४२२२७४.0 | |
| 22 | निम्न फर्महरुको करविजक नम्वर नभएको र कर विजकको दस्तखत नभएकोमा पेश हुनुपर्ने रु ४५१५७० | कार्यालयबाट सम्वन्धित फर्मको कर समायोजन गरेको तथा कर विजकमा दस्तखत भएको प्रमाण कागजात पेश भई आएको | ४0२९९0.0 | |
| २६ | नगरपालिकाले विभिन्न खर्चको भुक्तानी गर्दा बिल भरपाई बेगर खर्च लेखिएकोमा भरपाई पेश गर्ने अन्यथा असुल गर्ने रु 1321683 | कार्यालयबाट सम्वन्धितलाई बुझाएको भरपाइ कागजात पेश भएको | ९२२६३५.०० | |
| ३५ | न्यानो झोला खरिदको आम्दानी र खर्चको अभिलेख राखेको नदेखिएकोमा अभिलेख राख्नुपर्ने रु ३९९५६८ | कार्यालयबाट न्यानो झोला जिन्सी दाखिला गरी आम्दानी बाधेको प्रमाण पेश भएको | ३९९५६८.0 | |
| ४० | बिल भरपाई बेगर टेकबहादुर खड्कालाई ५१००० भुक्तानीको प्रमाण पेश गर्ने रु ५१०००। | कार्यालयबाट स्वास्थ्य संयोजकले स्वास्थ्य सामाग्री खरिद गरी जिन्सी दाखिला आम्दानी बाधिएको प्रमाण पेश भएको | ५१000.00 | |
| ४३ | नगरपालिकाका कर्मचारीहरुको २०७४ चैत्र महिनाको तलव बुझेको भरपाई पेश हुनु पर्ने रु १२६४२५। | कार्यालयबाट सम्वन्धित कर्मचारीहरुलाई २०७४ चैत्र महिनाको तलव भुक्तानी गरेको भरपाईपेश भएको । | १२६४२४.0 | |

| | | | | |
|---|---|---|---|---|
| ११ | नगरपालिकाबाट घरजग्गाको मुआव्जा वितरण गरेको भरपाई पेश हुनु पर्ने रु ७६१५६७५ | कार्यालयबाट घरजग्गाको मुआव्जा वितरण गरेको भरपाई, जग्गाको लालपूर्जा, कित्ताकाट गरेको कागजातहरु पेश भएको | ७६१५६७५.० | |
| ३८ | विद्युत महशुल भुक्तानी नगरेको कारण हर्जना भुक्तानी गरिएको अनियमित रु ३५१७०। | कार्यालयले सो आ.व.मा कार्यालय प्रमुखकोको सरुवाका कारण लामो समयसम्म कार्यालय प्रमुख नहुँदा बजेट विनियोजन भएता पनि समयमा भुक्तानी हुन नसकेको कारण हर्जना भुक्तानी गर्न परेको कारण सहित सभाबाट नियमित भै आएको | ३५१७०.०० | |
| ४४ | विल भरपाई बेगर ग्रामीण विकास समाज बाजुरालाई रु १००००० भुक्तानी गरिएकोमा विल भरपाई पेश हुनु पर्ने अनियमित रु १००००० | कार्यालयबाट सभाको नियमित गर्ने निर्णय, संस्थाबाट पेश भएका विल भरपाई, प्रगति प्रतिबेदन, संस्थाको आ.व. २०७४/७५ को लेखापरीक्षण प्रतिबेदन सहित पेश भएको। | १०००००.० | |
| २५ | अन्य सुविधा तर्फ लेखा अधिकृत कृष्णबहादुर शाही र निमित्त प्रमुख प्रशासकीय अधिकृत त्रिलोक चन्दले अतिरिक्त समय काम गरेको प्रोत्साह बापत भत्ता भुक्तानीमा स्पष्ट काम गरेको नदेखिएको अनियमित रु ३०५०० | कार्यालयबाट जनशक्ति ज्यादै न्यून रहेकोमा सोही जनशक्तिबाट साँझ विहान, राती समेत काम गराउनु पर्ने भएकोमा कर्मचारीको मनोबल उच्च बनाई काम गर्न उत्प्रेरित गरी कार्य गराएको भनि सभाबाट सो बेरुजु नियमित गरिएको तथा थप समय काम गरेको हाँजिरी काम गरेको प्रमाणित गरेको कागजात पेश | ३०५००.०० | |
| २९ | पेश्की बाँकी आर्थिक वर्षको अन्तसम्म निम्न फर्मको नाममा पेश्की बाँकी देखिएकोमा नियमानुसार फर्छौट हुनु पर्ने रु २२,३०,२३०। | कार्यालयबाट पेश भएका गोश्वरा भौचर, विल भरपाई कार्य सम्पन्न प्रतिबेदन, नापी किताबको आधारमा पे.फ. गरी पेश भएका कागजाहरुका आधारमा निम्न बमोजिम<br>१– गौडा डिल देखि खुल्ला मञ्च सम्मको सडक निर्माण बापत डि.वि.कन्ट्रक्सनको नामको रु १०,००,०००।<br>२– उमेश बडुवाल भएको तर केशरी रोकायाको नाम भएको कार्यक्रम खर्चको रु ५०,०००।<br>३– न्याउलेसैन झोपु उ.स.को नामको रु ८८२४१८।<br>४– घट्टेखोला स्टिल ट्रस निर्माण उ.स.को २,५२,८१२ | २१८५२३०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४१ | पेश्की बाँकी देखिएकोमा नाम नामेसी नखुलेकोमा नामनामेशी खुलाई पेफ हुनु पर्ने रु २४७०००। | कार्यालयबाट २४७००० पेश्की मा स्वास्थ्य संयोजक टेकबहादुर खड्काको नाममा २,११,०००। र कलशा मल्लको नाममा ३६०००। पेश्की बाँकीको विवरण पेश गरी सम्वन्धित व्यक्तिले कार्यक्रम संचालन गरेको विल भरपाई दाखिला आम्दानीका कागजात पेश भएको | २४७०००.० | | |
| | | **जम्मा** | | ४२४६८५२०.४८ | | |

**अनुसूची– १**

## बडिमालिका नगरपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाजुरा | बडिमालिका नगरपालिका | ३७ | ९ | ९५२१ | ० | ० | ० | ३९ | ९ | ९५२१ | ३६७ | ४७२ | ३३५४ | ० | ० | ४१९३ | ० | ५३२८ | ५३२८ |

## बडिमालिका नगरपालिकाको सञ्चित कोष विवरण

**अनुसूची - २**

**सुदुर पश्चिम प्रदेश**

२०७५/७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | बडिमालिका नगरपालिका | बाजुरा | ४९४६३ | ११२६२९ | २६१३८२ | ६९४५ | ३८०९५६ | ६०३४७ | १३०१६० | १९९०७५ | ३८९५८२ | ४०८३७ |

## अद्यावधिक वेरुजू स्थिति

**अनुसूची - ३**

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| बडिमालिका नगरपालिका | बाजुरा | ४७१४१ | ४५०७२ | २०६९ | ० | ९५२१ | ११५९० |